नेपाल सरकार

# अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

## सार्वजनिक सम्पत्ति तथा दायित्व व्यवस्थापन शाखा

अनामनगर, काठमाण्डौ

पत्रसंख्या :- ०८२/०८३ चलानी नम्बर: मिति: २०८२।०९।२०

विषयः **PAMS-V2 कार्यान्वयनमा देखिएका कार्य सम्बन्धमा ।**

श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरु, सबै ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालयहरु, सबै ।

प्रस्तुत विषयमा Public Asset Management System (PAMS V2) सबै कार्यालयहरुमा कार्यान्वयन भईरहेको व्यहोरा तहाँ बिदितै छ । तहाँ जिल्लास्थित कार्यालयहरुमा हाल कार्यान्वयनमा रहेको PAMS-V2 प्रणालीमा भएका देहाय बमोजिमका कार्यहरु कार्यान्वयन गर्नु /गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

देहाय

१. तहाँ जिल्लास्तरमा कार्यालयहरुले PAMS V2 सम्बन्धी तालिम संचालन गर्दा DTCO को सिफारिसमा मात्र FCGO ले User उपलब्ध गराउने व्यवस्था मिलाएको हुँदा सोही अनुसार सम्बन्धित कार्यालयहरुलाई जानकारी गर्ने/गराउने ।

२. प्रणालीमा रहेको अन्य मौज्दात प्रविष्टिभित्रको पुरानो मौज्दात प्रविष्टि सम्बन्धित कार्यालयले PAMS कार्यान्वयन गर्नु भन्दा अघी स्रेस्तामा देखिएका सामानहरु PAMS मा ल्याउने कामका लागि मात्र प्रयोग गर्ने फाराम भएकोले सो कामका लागि मात्र सम्बन्धित कार्यालयले प्रयोग गरेका छन् /छैनन् आन्तरिक लेखा परीक्षणका क्रममा हेर्ने व्यवस्था मिलाउने ।

३. कतिपय जिल्लाका कार्यालयहरु PAMS-V2 संचालनका हिसावले कार्यान्वयनमा नरहेका तर कार्यालयको नाममा सम्पत्तिहरु देखिएको अवस्था छ । उक्त सम्पत्तिहरु हस्तान्तरण/ट्रान्सफर गरी कार्यान्वयनमा नरहेका कार्यालयहरुलाई निस्कृय गर्ने गराउने व्यवस्था मिलाउने ।

४. कतिपय कार्यालयहरुको पुरानो PAMS मा भएको सम्पतिहरु Migration मा देखिएको छ । त्यसलाई सम्बन्धित कार्यालयहरुले पुरा गरेको / नगरेको विषय आन्तरिक लेखा परिक्षणका समयमा हेर्ने व्यवस्था मिलाउने ।

५. PAMS V2 प्रणालीमा रहेको मौज्दात समायोजनको कार्य गर्दा कार्यालय प्रमुखको निर्णय गराएर आवश्यक प्रमाण र कागजातका आधारमा मौज्दात समायोजन गरेको छ छैन भन्ने विषय आन्तरिक लेखा परिक्षणका क्रममा हेर्ने ।

(ओमबहादुर खड्का)
लेखा अधिकृत

बोधार्थः
श्री आन्तरिक लेखा परीक्षण शाखा
महालेखा नियन्त्रक कार्यालय ।



Scanned with CamScanner